# साल्पासिलिछो गाँउपालिका

## कृषि तथा पशुपंन्छि व्यवसायिलाई सहकारी मार्फत व्याज अनुदान ७० प्रतिशत कार्यविधि २०७७

साल्पासिलिछो गाउँपालिका
चौकीडाँडा, भोजपुर
प्रदेश न.१, नेपाल

साल्पासिलिछो गाँउपालिका

**कृषि तथा पशुपंन्छि व्यवसायिलाई सहकारी मार्फत व्याज अनुदान ७० प्रतिशत कार्यविधि २०७८**

कार्यपालिकका बाट स्वीकृत मितिः २०७८/०८/०६ गते

**पृष्ठभुमि :**

हाल नेपालमा कोरोना (कोभिड १९) भाईरस संक्रमणको माहामारीको कारण बिषम परिस्थिती सृजना भई मुलुक लकडाउनको अवस्थामा पुगेको हुँदा समग्र कृषि क्षेत्र गम्भिर रुपले प्रभावित भएको र कृषि क्षेत्रलाई संरक्षण गर्दै कृषकहरुलाई कृषि क्षेत्रमा स्थापित गरिरहन तथा पुनःस्थापना कार्यक्रम संचालन गर्न उपयुक्त भएकोले यस कार्यविधि तयार गरिएको हो ।

**परिभाषा :-विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस  कार्यविधिमा :**

(क) **"कृषि"** शव्दले बाली,बागबानी,पशुपन्छी,माछा आदी कृषिका सवै उप क्षेत्र संग सम्वद्ध उत्पादन ,साना उद्योग एवं व्यवसाय समेत सम्झनुपर्दछ ।

(ख) **" कार्यविधि "** भन्नाले कृषि तथा पशुपंन्छि व्यवसायिलाई सहकारी मार्फत व्याज अनुदान ७० प्रतिशत कार्यविधि २०७८ सम्झनुपर्दछ ।

(ग) **" फार्म "** भन्नाले निजि साझेदारी,एंवम् सहकारीवाट संचालित कृषि व्यवसाय सम्झनुपर्दछ ।

(घ) **" व्याज अनुदान "** भन्नाले कृषक,कृषक समुह कृषि फर्मले कृषि  प्रयोजन (कृषि उत्पादन तथा प्रारम्भिक प्रशोधन) को लागि सहकारी संस्थावाट प्रवाह भएको ऋणमा तोकिएको अवधिको लागि स्थानिय सरकारवाट विनियोजित /स्विकृत वजेट अनुसारको प्रदान गरिने सहकारी संस्थाको व्याजमा दिईने अनुदान सम्झनुपर्दछ ।

(ङ) **"गाउँपालिका"** भन्नाले साल्पासिलिछो  गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) **" लक्षित वर्ग "** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका नेपाली कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण संग आवद्ध कृषक,कृषक समुह र कृषि फर्म सम्झनु पर्दछ ।

(छ) **" सहकारी "** भन्नाले सहकारी ऐन अन्तर्गत दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(ज) **" कृषि/पशु शाखा "** भन्नाले साल्पासिलिछो  गाउँपालिकाको कृषि/पशु शाखा  सम्झन पर्दछ ।

**कृषि तथा पशुपंन्छि व्यवसायिलाई सहकारी मार्फत व्याज अनुदान :**

(१) कृषक, कृषक समुह र फर्मलाई सहकारी संस्थावाट कृषि प्रयोजनको लागि प्रवाह भएका वा/गरिने ऋणको व्याजमा स्थानीय सरकारवाट दिईने अनुदानमा यो सुविधा प्रयोग गरिने छ ।

(२) स्थानीय तहको प्रत्येक वडाका फार्महरुले कृषि प्रयोजनका लागि सहकारी संस्था मार्फत लिएका ऋणको हकमा मात्र अनुदान उपलव्ध गराईने छ ।

(३) कृषि कार्यमा संलग्न भई जिविकोपार्जन गर्दै आएका कृषि कार्यमा प्रयोगमा स्थानीय तहको सिफारिस र सम्वन्धित सहकारी मार्फत प्रमाणिकरण पश्चात उक्त फार्मलाई व्याज अनुदान उपलव्ध गराईने छ ।

(४) यस प्रकारका व्याज अनुदान प्राप्त ऋणिहरुलाई दोहोरो सुविधा उपलव्ध गराईने छैन ।

(५) स्थानिय तह भित्रका फार्महरुलाई मलखाद, विउविजन, भुरा, चल्ला, उत्पादन सामाग्री, सिँचाई लगायतका प्रमुख उत्पादन सामाग्री खर्च जुटाउन तथा उन्नत कृषि उत्पादन प्रविधि प्रयोग गरेका ऋणिहरुलाई स्थानीय तहले व्याज अनुदान वापतको रकम सहकारी मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाईने छ ।

(६.) इन्द्रसरोवर गाउँपालिका प्रमुख कार्यक्षेत्र भएको सहकारी मार्फत ऋण लिएका कृषक,कृषक समुह कृषि फर्मलाई मात्रै यस व्याज अनुदान कार्यक्रममा सहभागी गराइने छ ।

(७) कार्यक्रम संचालन प्रक्रिया :- गाउँपालिका स्तरमा व्याज अनुदान कार्यक्रम संचालन समिति तपशिल बमोजिम रहनेछ ।

| | |
|---|---|
| (क) गा.पा. अध्यक्ष | संयोजक |
| (ख) गा.पा.उपाध्यक्ष | सदस्य |
| (ग) आर्थिक विकास संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) कृषि तथा पशु शाखा प्रमुख | सदस्य सचिव |

**अनुगमन समिति**

| | |
|---|---|
| १.सम्वन्धित शाखाको शाखा प्रमुख | संयोजक |
| २ सम्बन्धित वडाले तोकिएको प्रतिनिधी | सदस्य |
| ३.सम्बन्धित सहकारीले तोकिएको प्रतिनिधी | सदस्य |

**(८) समितिको काम कर्तव्य र अधिकार**

(क) स्थानीय तहमा उपलब्ध वजेटवाट व्याज अनुदान कार्यक्रम निर्धारण गरि सोको कार्यान्वयन सम्वन्धि निर्णय गर्ने ।

(ख) स्थानीय तहमा व्याज अनुदान प्रदान गर्नुपर्ने लक्षित समूह पहिचान, प्राथमिकिकरण तथा निर्धारण गर्ने ।

(ग) व्याज अनुदान कार्यक्रमको निर्णय गर्ने र सोको कार्यान्वयन सहजिकरण तथा अनुगमन गर्ने ।

(घ) सन्चालित कार्यक्रमको अनुगमन,निरिक्षण,रिपोर्टिङ गर्ने ।

(ङ) व्याज अनुदान वितरण क्षेत्र विषय तथा लाभान्वित फर्म निर्धारण गर्ने ।

(च) व्याज अनुदानमा देखिएका समस्या तथा सो सम्वन्धमा देखिएका विवाद निरुपण गर्ने ।

**(८) व्याज अनुदानको लागि आवश्यक कागजातहरु :-**

(क) सम्वन्धित वडाको सिफारिस,

(ख) नागरिकता प्रमाण पत्रको

(ग) फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

(घ) प्यान नम्वर प्रतिलिपि (कृषक र कृषक समुहको हकमा प्यान नं.आवश्यक नपर्ने )

(ङ) व्यावसायिक योजना

(च) जग्गाको लालपुर्जाको प्रतिलिपि

(छ) भाडामा लिइएको जग्गा भएमा कम्तिमा ५ वर्ष सम्मको करारनामा पत्र

(ज) लगायत आबश्यक ठानिएका अन्य कागजातहरु पेश गर्नुपर्नेछ ।

(९) व्याज अनुदानको लागि ऋण रकमको यथार्थ स्थिती वारे स्थानीय तहले तोकिएको ढाँचामा -अनुसुची १ वमोजिम) सम्वन्धित सहकारी मार्फत विवरण प्रदान गर्नुपर्नेछ ।

(१०) विगत ३ वर्षदेखि ३ लाख वा सो भन्दा वढी नगद वा वस्तुगत अनुदान लिइएका फर्मलाई यस कार्यक्रम अन्तर्गतको सुविधा उपलब्ध गराईने छैन ।

(११) यस प्रकारको कार्यक्रममा वैदेशिक रोजगारवाट फर्केका १८ वर्ष देखि ६० वर्ष सम्मको युवा, दर्ता भएको व्यवसायिक फर्म सामुहिक खेती, बाँझो जमिनमा खेती गरेको व्यवसायीहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

(१२) **व्याज अनुदानको सिमा तपसिल वमोजिम हुनेछ ।**

| क.सं. | कुल ऋण रकम | व्याज अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | रु २ लाख देखि १० लाख सम्म व्यवसायीक ऋण लिएका फर्मलाई | ७० प्रतिशत | |

**(१३)** साल्पासिलिछो गाउपालिका गाउँ कार्यपालिकाको बैठकबाट पास भएको मितिबाट यस कार्यविधि लागु हुनेछ ।

साल्पासिलिछो गाउँपालिका

**अनुसुची १**

| क.सं. | ऋणी/फर्मको नाम,ठेगाना | प्रोपाईटरको नाम | ऋण रकम | ऋणको व्याजदर | व्याज भुक्तानीको किसिम | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सत्यापित प्रतिलिपि गाउँपालिका